प्रदेश सभा

# सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**बैठक संख्याः१४**

**मितिः२०८०।०८।२०**

## छलफल तथा निर्णय

**निर्णय १**

प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, धनगढीबाट खरिद गर्न लागिएका स्वास्थ्य प्रयोगशालाका उपकरण खरिद सम्बन्धी Looking tender specification सम्बन्धमा यस समितिमा परेको निवेदनका सम्बन्धमा छलफल हुँदा सो सम्बन्धी समितिमा विषय विशेषज्ञ नभएकोले सम्बन्धित मन्त्रालयलाई पत्राचार गरी सोहि टेण्डरका विषयमा विषय विशेषज्ञ राखि सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ अनुसार काम कारवाही भएको छ/छैन, ई-विडिङ्ग सम्बन्धीका सम्पुर्ण प्रक्रिया पुरा भएको छ/छैन, तथा प्रमाण ऐन, २०३१ बमोजिम आवश्यक कागजात एवं रीत पुगेको छ/छैन छानविन गरी यस समितिलाई समेत शिघ्र जानकारी हुने गरी कार्वाही अगाडी बढाउन सामाजिक विकास मन्त्रालयलाई निर्देशन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय २**

सामाजिक विकास समितिका माननीय सदस्यज्युहरु र समितिका कर्मचारीले यही मिति २०८०।०८।२५, २६ गतेका दिन कैलाली जिल्लाको सेती प्रादेशिक अस्पताल र टिकापुर अस्पताल, कञ्चनपुर जिल्लाको महाकालि प्रादेशिक अस्पताल समेतका विभिन्न स्वास्थ्यसंस्थाहरुको अनुगमन गर्ने निर्णय गरियो।